मैना बाल विकास समिति, काभ्रे ★ २०६२ ★

ADVOCACY FORUM

**प्रेस वक्तव्य**

**५ फागुन २०७६**

**सैनिक हिरासतमा मैना सुनवारको हत्या गरिएको १६ वर्ष**

**हाम्रो न्यायिक संघर्ष जारी छ**

सत्ता र शक्तिको आडमा न्याय प्रणालीको उपहास तथा अदालतका आदेशहरूको अवज्ञा गर्दै दण्डहीनताको संस्कृति निरन्तर कायम रहेका भए पनि काभ्रे जिल्लाको पाँचखालस्थित वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रमा ५ फागुन २०६० मा यातना पश्चात हत्या गरिएकी मैना सुनुवारले न्याय नपाउन्जेलसम्म हाम्रो सघर्ष जारी छ ।

मैना सुनुवारकी आमा देवी सुनुवारले न्याय माग्दै १३ वर्षसम्म कठिन कानूनी लडाइँ लडेपछि काभ्रे जिल्ला अदालतले २०७४ वैशाखमा तीन सैनिक अधिकृतहरु कर्णेल बबी खत्री, सहसेनानी सुनिल प्रसाद अधिकारी र सहसेनानी अमित पुनलाई दोषी ठहर गरेको थियो । 'कम्तीमा यी तीन अपराधीहरूलाई कारागारमा राखिएला र मैले छोरीको अन्तिम संस्कार गर्न पाउँला भन्ने आशा गरिरहेकी थिएँ, तर नेपाली सेनाले फेरि पनि न्यायमा अवरोध गरिरहेको छ र सरकारले पनि यस्ता अवरोधलाई साथ दिइरहेको छ,' देवी सुनुवारले भनिन् । अदालतको फैसलालाई कार्यान्वयन गर्नुको साटो नेपाली सेनाले जिल्ला अदालतको फैसलालाई बदर गरिपाऊँ भनी २०७४ सालमा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको छ । यसरी फैसला बदर गराउन रिट निवेदन दिएर नेपाली सेनाले दण्डहीनताको पक्षपोषण गर्दै विधिको शासनको विपक्षमा उभिएको छ । नेपाली सेनाको यस कदमले आफू सार्थक र पारदर्शी संक्रमणकालीन न्याय प्रक्रियाको विपक्षमा रहेको प्रमाणित गरेको छ ।

सत्यनिरूपण आयोगहरुको कार्यादेश अदालतको भन्दा भिन्न हुने र गम्भीर मानवअधिकार उल्लंघनमा संलग्न रहेकाहरूउपर अनुसन्धान, अभियोजन र कारबाही गर्ने दायित्व राज्यको हो भन्ने कुरा सर्वविदितै छ । यसका वावजुद रिट निवेदन दायर गरेर नेपाली सेनाले न्यायमा अवरोध गराउने र न्याय नै नदिने नियोजित प्रयास गरेको स्पष्ट छ । 'यस मुद्दाको सुनुवाई विगत दुई वर्षदेखि निरन्तर सारिदै आएको कारणले पीडितलाई थप पीडा दिएको छ,' एड्भोकेसी फोरम-नेपालका निर्देशक ओम प्रकाश सेन ठकुरीले बताए ।

पीडित, नागरिक समाज र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूको माग तथा सरोकारलाई पूर्णरुपमा बेवास्ता गर्दै उचित र पारदर्शी प्रक्रिया अवलम्बन नगरिकनै सरकारले केही समयअघि संक्रमणकालीन न्यायका संयन्त्रहरूमा आयुक्तहरूको नियुक्तिले संक्रमणकालीन न्याय प्रक्रिया थप जटिल बनेको छ । यस्तो अवस्थामा हामीहरू सत्य र न्यायका लागि संघर्ष गरिरहेका पीडित तथा तिनलाई सहयोग गरिरहेका संगठनहरूलाई सहायता र समर्थन गर्न संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय समुदायलाई अनुरोध गर्दछौं ।

संयुक्त राष्ट्रसंघले वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रलाई पीडकपरीक्षण सूचीमा (Vetting) राखेपछि मात्र सेनाले मैना सुनुवारलाई पकाउ गरेर हिरासतमा राखेको कुरा स्वीकार गरेको र उनको शव उत्खनन गर्न सहमति जनाएको तथ्य

स्मरण गर्दछौं । तर हाल आएर नेपालस्थित संयुक्त राष्ट्रसंघको कार्यालय र राष्ट्रसंघका अन्य सदस्य राष्ट्रहरुले नेपाली सेनालाई निःशर्त सहयोग गरिरहेकाले नेपाली सेनाले अदालतका आदेशहरूको निरन्तर अवज्ञा गरिरहेको छ । 'मेरी छोरीले भोग्नुपरेको भयावह नियतिको पुनरावृत्ति संयुक्त राष्ट्रसंघको शान्तिकार्य विभाग रहेका अन्य मुलुकमा हुँदैन भन्ने कुराको सुनिश्चितता विभागले कसरी गर्छ होला,' देवी सुनुवारले भनिन् । 'यस मुद्दामा भइरहेको प्रगतिको समीक्षा नै नगरी नेपालस्थित संयुक्त राष्ट्रसंघको कार्यालय तथा संयुक्त राष्ट्रसंघका सदस्यहरूले वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रलाई सहायता गरिरहेका छन् । मेरी छोरीको हकमा सेनाले गरेको अपराधलाई यस्ता प्रकारका सहायताले वैधता दिन्छ,' उनले बताइन् । यस्ता कार्यले दण्डहीनतालाई प्रश्रय दिनुका साथै पीडित परिवार तथा मानवअधिकारवादीहरूलाई हतोत्साहित गर्छ । 'सत्ता र शक्तिको आडमा दण्डहीनताले कसरी गहिरो जरा गाडेर बसेको छ भन्ने कुरा मैना सुनवारको मुद्दाले स्पष्ट पार्छ,' ठकुरीले भने ।

मैना सुनुवारको हत्या भएको १६औं बर्षको स्मरण गर्दै यस मुद्दामा विद्यमान दण्डहीनताको अन्त्यका लागि दोषी ठहर भएका अपराधीहरूलाई तत्काल पक्राउ गर्न आह्वान गर्दछौं । मैना सुनुवारलाई न्यायको सुनिश्चितता नहुँदासम्म वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रलाई प्रदान गरिने सबै किसिमका सहयोगहरू रोक्न संयुक्त राष्ट्रसंघ र राष्ट्रसंघका सदस्यहरूलाई हामी आह्वान गर्दछौं ।

अन्तमा, यस सन्दर्भमा हामी मैनाका साथै तत्कालीन शाही नेपाली सेनाबाट मैनाकै मुद्दासँग सम्बन्धित रही मारिएकी रीना रसाइली (सामूहिक बलात्कार पछि हत्या) र सुभद्रा चौलागाईं (गोली हानेर हत्या) तथा पीडा र वेदनाका साथ लामो समयदेखि न्यायको प्रतीक्षा गरिरहेका सशस्त्र द्वन्द्वका सम्पूर्ण निर्दोष पीडितहरूप्रति पनि सम्मान व्यक्त गर्दै सत्य र न्यायको पक्षमा निरन्तर आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

देवी सुनुवार

मैनाकी आमा

मैना बाल विकास समिति

ओम प्रकाश सेन ठकुरी

निर्देशक

एड्भोकेसी फोरम-नेपाल